# संस्कृत व्याकरणको सङ्क्षिप्त नालीबेली

❋ माधव लम्साल

lamsalmadhab@gmai.com

**अध्ययनसार**

*संस्कृत साहित्यमा व्याकरणको लेखनको लामो परम्परा छ। यसै परम्परालाई सङ्क्षिप्त रूपमा खोतल्नु र त्यसको सामान्य परिचय दिनु यस लेखको मूल उद्देश्य रहेको छ। यहाँ विषयवस्तु प्रस्टाउन अलग-अलग शीर्षक राखी विषय परिचयमा विषयवस्तु खुलाउन 'संस्कृत व्याकरणको सङ्क्षिप्त इतिहास' व्याकरणको विषयवस्तुलाई सामान्य चिनारीका रूपमा प्रस्तुत गरिएको छ। संस्कृत व्याकरणको सामान्य परिचय दिई त्यसका प्रयोगमा देखिएका विभिन्न सम्प्रदायको चर्चा गर्दै कालविभाजन गरी पाणिनि पूर्वको व्याकरणिक देखापरेका व्याकरणहरूलाई सामान्य चर्चा गर्दै त्रिमुनिकालका पाणिनि, कायायन र पतञ्जलिलाई विश्लेषणका खाकामा त्याई विविध पक्ष पक्षान्तरमा चर्चा गरिएको छ। त्यसपछि पाणिनिका उत्तरवर्ती चरणका व्याकरणहरूलाई सारसङ्क्षेपमा उल्लेख गरी केलाउने काम गरिएको छ ।*

**शब्दावली** : विशिष्ट, मन्त्रद्रष्टा, विच्छिन्नता, महर्षिण, माहेश्वरी  उदात्त ।

## विषयपरिचय

संस्कृत व्याकरणलाई माहेश्वरीय व्याकरण मानिन्छ। यसका प्रणेता महेश हुन्। माहेश्वरीय व्याकरण नै सर्वप्राचीन मानिन्छ। यसका प्रणेता महेश भएकाले देववाणी मानिन्छ। पाणिनिले जुन व्याकरणलाई नियमबद्ध गरे उनले महिश्वर सूत्रका रूपमा उल्लेख गरेको पाइन्छ, संस्कृत साहित्यमा विकसित व्याकरण परम्परालाई वैदिक परम्परा र लौकिक परम्परामाविभक्त गर्न सकिन्छ। वैदिक परम्परा वेदकालीन मानिन्छ। यस परम्परामा विकसित व्याकरणलाई अपौरुषेय व्याकरण परम्परा भनिन्छ, वेदकालीन शिक्षाकल्प, छन्द, ज्योतिष, व्याकरण आदि षड्शास्त्रको विकास भएको छ। व्याकरण नीतिमूलक शास्त्रीय परम्परा भएकाले यो नियम साधित मानिन्छ। लौकिक साहित्यमा पनि व्याकरण परम्परा विकसित भएको छ। यस परम्परालाई पाणिनि पूर्व युग, पाणिनि युग र पाणिनिका उत्तरवर्तीकाल गरी तीन उपचरणमा राखेर अध्ययन गर्न सकिन्छ। यस अध्ययनमा विषय प्रवेश कालविभाजन पाणिनिपूर्वको व्याकरणको स्थिति ऐन्द्र व्याकरण सम्प्रदाय, भागुरीय व्याकरण सम्प्रदाय, काशकृत्स्न व्याकरण सम्प्रदाय, सेनकीय व्याकरण, काश्यपीय व्याकरण, स्फोटायन व्याकरण, अपिशाली व्याकरण, व्याडीय व्याकरण, भारद्वाजीय व्याकरण त्रिमुनिकालः पाणिनि, कात्यायन र पतञ्जलि, पाणिनि र अष्टाध्यायी, कात्यायन र उनको वार्तिक, पतञ्जलि र उनको महाभाष्य, पाणिनिको उत्तरवर्ती व्याकरण सम्प्रदाय, चान्द्र सम्प्रदाय, जेनेन्द्र सम्प्रदाय, शोकटायन सम्प्रदाय, हैम सम्प्रदाय, कातन्त्र सम्प्रदाय, सारस्वत सम्प्रदाय, बोपक्षेप सम्प्रदाय, कमदीश्वरको जौमार सम्प्रदाय आदि विविध सम्प्रदाय संस्कृत व्याकरण परम्परामा विकसित भएको देखिन्छ। यी विविध सम्प्रदायले संस्कृत व्याकरण परम्परालाई अक्षुण्ण राखेको पाइन्छ।

यस लेखमा संस्कृत व्याकरणको उपयोगको विषयलाई आधार मानी संस्कृतको व्याकरणहरूलाई छनोट गरी

**❋ लेखक सहप्राध्याध्यापक रूपमा पाटन संयुक्त क्याम्पसमा कार्यरत हुनुहुन्छ।**

त्यसमा प्रयुक्त व्याकरणहरूको मूल प्रवृत्तिहरूको पहिचान गरी तिनको परिचय, प्रयोग प्रक्रियासम्बन्धी वर्णन तथा विश्लेषण गरिएको छ। यसक्रममा गुणात्मक तथा परिमाणात्मक दुवै प्रवृत्तिका ढाँचा एवम् आगमन तथा निगमन विधिको प्रयोग गरिएको छ। संस्कृत व्याकरणिक विश्लेषण क्रममा सम्बद्ध विषयका पुस्तकबाट तथ्य ग्रहण गरी अध्ययनबाट प्राप्त निष्कर्ष प्रस्तुत गरिएको छ।

यस लेखमा सैद्धान्तिक आधारका रूपमा संस्कृत वाङ्मयको व्याकरणको इतिहासलाई उपयोग गरिएको छ। त्यसक्रममा भोलानाथ तिवारी, कपिलदेव दिवेदी, दानबहादुर पाठक 'वर' र मनहर गोपाल भार्गव, कृष्णविलास पौड्याल, कैलाशनाथ पाण्डेय, श्री रमाकान्त मिश्रा तथा देवेन्द्र शर्मा र दीप्ति शर्मा प्रभृत्ति व्याकरणहरूको वैयाकरणको इतिहासलाई समेटी व्याकरणको इतिहाससम्बन्धी निष्कर्ष निकालिएको छ।

**संस्कृत व्याकरणको रूपरेखा**

व्याकरण शास्त्रको अध्ययन आरम्भ गर्नुभन्दा पहिले त्यसको पूर्वपीठिकाको ज्ञान लिनु आवश्यक हुन्छ। संस्कृत साहित्यमा ज्ञान-विज्ञानका हरेक शाखामा संस्कृतका मनीषीहरूको आँखा पुगेको पाइन्छ। युरोपेली भूमण्डलमा रोमी सभ्यताजस्तो पूर्वमा संस्कृत परम्पराको महिमामण्डित स्थान छ।

व्याकरण शास्त्र भाषा शिक्षाको अपूर्व साधन हो। यस शास्त्रको प्रणयनमा विश्वका कुनै जाति अहिलेसम्म भारतीय आचार्यहरू भन्दा कोहीपनि अघि जान सकेका छैनन्। इतिहासको पर्यालोचन गर्दा भारतीय र ग्रीस जातिले न्याय र व्याकरणका क्षेत्रमा विशिष्ट योगदान दिएको पाइन्छ। अत्यन्त प्राचीन कालदेखि नै मन्त्रद्रष्टा ऋषिहरूले आ-आफ्ना आराध्यदेवहरूलाई प्रसन्न गराउन नयाँ ऋचाहरूको रचना गरेको पाइन्छ। वेदलाई गेयात्मक काव्य मानिन्छ। त्यो बेला कागजको आविष्कार नभइसकेकोले वेदलाई कण्ठस्थ गर्नुपर्थ्यो। कण्ठस्थीकरणको यस प्रक्रियामा उच्चारणको भिन्नता र स्वरको आरोह अवरोहमा वैषम्य आएकाले त्यसलाई रोक्नका लागि केही नियमहरू निर्माण गर्नुपर्ने भयो। ब्राह्मण ग्रन्थमा त अनेक स्थानमा व्याकरण शास्त्रका पारिभाषिक शब्दावलीको प्रयोग गरिएको छ। शुक्लयजुर्वेदीय माध्यन्दिन वाजसनेयी शाखाको "शतपथ ब्राह्मण" मा स्वर, उष्म, स्पर्श आदि वर्ण- विभाजन संज्ञाको उल्लेख पाइन्छ। सामदेव संहिताको मन्त्रमा महर्षिण व्याकरण निर्दिष्ट पदचतुष्टयको उल्लेख गरेर आराध्य देवताहरूको स्तुति गरेका छन्। "सर्वे स्वरा ऐन्द्रस्यात्मानः"। अतःवेदमा स्थित स्वरको उच्चारणका कारण व्याकरणको उद्भव भएको मानिन्छ (तिवारी, १९९२, पृ.२०४)।

व्याकरण शास्त्रको मूल रूप ऋग्वेदको अन्तिम चरणमा दृष्टि दिँदा त्यहाँ "चत्वारी ऋङ्गात्रयो अस्य पादाः" को व्याख्या नामाख्यातोपसगनिपाताःआदि भनिएको छ। "सप्तसिन्धवः"लाई "सप्तविभक्तयः" वेदपछि ब्राह्मण कालमा आइपुग्दा त भाषामा विच्छिनता देखापर्छ। नयाँ आकृति र नयाँशब्द देखिन थालेको पाइन्छ। यही नयाँ भाषामा नै मानिसहरूले विचार गर्न आरम्भ गरे। त्यसमा प्राचीन शब्दको विशाल र उदात्त परम्पराले कार्य गरिरहेको थियो। यिनै दुई परम्परामा केही भिन्नता देखेर व्याकरणको जन्म भएको मान्न सकिन्छ (पौड्याल, अप्र,पृ.१६)।

यदि हामीले भारतीय र ग्रीक व्याकरण शास्त्रको तुलना गर्‍यौँ भने यस्तो प्रतीत हुन्छ। जुन समयमा ग्रीसमा व्याकरण शास्त्रको जन्म नै भएको थिएन तब भारतमा प्रौढता प्राप्त गरिसकेको थियो। ग्रीसका सुप्रसिद्ध दार्शनिक प्लेटो केवल वाक्य- संयोजन र संज्ञा तथा क्रियासँग नै अवगत थिए। अरस्तु पनि यही सीमामा आबद्ध थिए। जिनोडोटसभन्दा पहिले सर्वनामको अस्तित्व थिएन। यसप्रकार ग्रीस व्याकरणमा अग्रसर हुँदा भारतीय मानीषीहरू व्याकरणको पूर्णावस्थासम्म पुगिसकेका थिए। पणिनिका पूर्ववर्ती आपिशाली, गार्ग्य आदि भारतीय वैयाकरणहरूले व्याकरण शास्त्रमा विशिष्टता प्रदर्शन गरिसकेको पाइन्छ। पाणिनिले त व्याकरण ज्ञानलाई पराकाष्ठामा नै पुर्‍याए। जुन सीमासम्म पाणिनि पुगेका थिए, त्यहाँ आजसम्म कोही पुग्न सकेको छैन। पाणिनिका समयमा युरोपली विद्वान् जिनोडोटस उत्पन्न भएकै थिएनन्। युरोपमा अरस्तुलाई अनेक विषयका उपदेष्टा मानिन्छ। उनका समयमा युरोपमा कारकको ज्ञान नै थिएन तर भारतमा छ। कारकको ज्ञान भइसकेको थियो। आरिष्टोकसलाई ग्रिसमा उपसर्गका उपदेष्टा मानिन्छ तर त्यसभन्दा पहिला नै भारतमा कात्यायनले प्रतिशाख्यमा आख्याता, उपसर्ग आदि पदनिर्देशक संज्ञाहरूको उल्लेख गरेको पाइन्छ (मिश्र,२००४,पृ. ४०)।

भारतीय वैयाकरणहरूमा पाणिनिको अग्रमण्य स्थान छ। उनलाई मानिसहरू तारस्वरेण प्रथम वैयाकरण मान्छन् तापनि पाणिनिको जन्म कहिले, कहाँ भयो स्पष्ट उल्लेख पाइँदैन। भारतीय व्याकरण शास्त्रको इतिहासलाई केहीकालमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ। पाणिनिपूर्वका अनेक वैयाकरण व्याकरण शास्त्रका शैशवावस्थामा नै थिए। पाणिनिबाट नै व्याकरणको वास्तविक अध्ययन आरम्भ भयो। पाणिनिपछि व्याकरण शास्त्रका प्रधान व्याख्याता कात्यायन र पतञ्जलि भए। पतञ्जलिका कालमा व्याकरण शास्त्र आफ्नो चरम सीमामा आइसकेको थियो। त्यसपछि जतिग्रन्थ लेखिए ती सबै उपर्युक्त ग्रन्थका आधारमा व्याख्या र व्याख्याको पनि उपव्याख्या लेखिए। पाणिनि, कात्यायन र पतञ्जलिलाई मानिसहरूले त्रिमुनि मानेका छन् (तिवारी, १९९२,पृ.४००)।

**काल विभाजन**

व्याकरण शास्त्रमा अनेक सम्प्रदाय बनेका छन्। बुद्धको आफ्नो सम्प्रदाय, जैनको आफ्नो सम्प्रदाय अन्य सम्प्रदायको पनि कमी छैन। यसको वर्णन पछि गरौँला। यहाँ व्याकरण शास्त्रको काल-विभाजन यसप्रकार गर्न सकिन्छ :

- क. पूर्व पाणिनिकाल-(अज्ञात कालदेखि पाणिनिसम्म)
- ख. त्रिमुनिकाल- (पाणिनिदेखि पतञ्जलिसम्म )
- ग. उत्तर पाणिनिकाल -(काशिकादेखि १७०० ई सम्म )

संस्कृत साहित्यमा व्याकरणशास्त्रको वास्तविक आारम्भ कहिले भयो, पहिला वैयाकरणको हुन्, यो अत्यन्त विवादास्पद प्रश्न हो। व्याकरणसम्बधी ग्रन्थ या त अपूर्ण छन् या त खण्डित छन्, केही कालान्तरमा नष्ट पनि भए। व्याकरण शास्त्रमा केही सम्प्रदाय पनि उपयोग नभएकाले समाप्त हुन गए।

रामायणमा उल्लेख भएअनुसार नवव्याकरण प्रचलित थिए। (सो नवव्याकरणगर्थवेत्ता) तर यो नवव्याकरण के हो ज्ञात छैन। यो त्रेता युगको कुरा हो गणितज्ञ भाष्कराचार्यका समयमा आठ व्याकरणको प्रचलन थियो। यिनै आठ वैयाकरणको उल्लेख गर्दै १३ औँ शताब्दीमा बोपदेवले आठौँ व्याकरणका कर्ताको नामोल्लेख गरेका छन्। यसको सूचना उनको कविकल्पद्रुममा पाइन्छ। ऐतिहासिक दृष्टिकोणबाट व्याकरण शास्त्रलाई दुई भागमा बाँड्न सकिन्छ। लुप्तव्याकरण र अलुप्तव्याकरण। लुप्तग्रन्थ समूहलाई पनि दुई भागमा विभाजित गर्न सकिन्छ। पूर्वपाणिनि र उत्तरपाणिनि। पाणिनिपूर्ण जति वैयाकरण थिए तिनको पाणिनिले गरेका छैनन्। सम्भवतः पाणिनिले आफ्ना आँखाले देखेका सम्प्रदायहरूको उल्लेख गरेका छन्। पाणिनि प्रणीत सूत्रमा उल्लिखित छ।

पाणिनिले उल्लेख गरे भन्दा अन्य अनेक सम्प्रदाय प्रवर्तक थिए, जस्तैः माहेश प्रवक्ता महेश, ऐन्द्र प्रवक्ता इन्द्र, एन्द्र प्रचारक भारद्वाज, जैमुस्मृतिभागुरि मुनि, बादरायण स्मृतिकाशकृत्स्न, शौनकशिष्य व्याडि आदि।

**ऐन्द्र व्याकरण**

एन्द्र व्याकरण अहिले उपलब्ध छैन। कहिले यो लोप भयो भन्न सकिँदैन। पाणिनिले पनि यसको उल्लेख गरेका छैनन् सम्भवतः परवर्ती कालमा भारद्वाजजादिव्याकरण समूहमा मिलेर यो लुप्त भयो। ''यथोत्तर मुनीमा प्रामाण्य'' भनेर यसको स्वतन्त्र सत्ता पनि रहने यसको अस्तित्त्व थियो, यसमा कुनै संशय मान्नु पर्दैन। भारतीय मनीषीका साथै चिनिया यात्री हवेनत्साङ्गले पनि एन्द्र व्याकरणको उल्लेख गरेका छन्।

**भागुरीय व्याकरण सम्प्रदाय**

भागुद्वाजका पछि भागुरिभन्दा पहिला कुनै महान् वैयाकरण थिए वा थिएनन् भन्न अत्यन्त कठिन छ। भागुरि एक अत्यन्त प्राचीन वैयाकरण थिए, यसमा सन्देह छैन। पाणिनिका पूर्व यास्कको उल्लेख पाइन्छ। कास्थक्यमुनि यिनका समसामायिक थिए। कास्थक्यको बृहद्वेतामा भागुरिको नाम आउँछ। भागुरिले त्रिकाण्ड नामक कोश ग्रन्थको रचना गरेका थिए तथापि अहिले यो उपलब्ध छैन।

**काशकृत्स्नव्याकरण सम्प्रदाय**

काशकृत्स्नको नाम बोपदेवले कविकल्पद्रुममा उल्लेख गरेका छन् तर अष्टाध्यायीमा उनको नाम छैन। काश कृत्स्नको कुनै व्याकरण अहिले उपलब्ध-सम्भवतःपतञ्जलिले त्यसलाई देखेको थिए भर्तृहरिका समयका त्यो उपलब्ध थियो वा थिएन वा भन्न सकिन्न। काशिकामा वामन जयादित्य भन्छन्'' अध्योध्यायाः परिमाणस्य सूत्रस्य त्रिकं कशाकृत्सन (४ :९:४८) ''त्रिकाकाशकुत्स्ना'' (४:२:६४)

**सेनकी यव्याकरण**

अष्टाध्यायीमा ''गिरेश्च सेनकस्य'' भनिएको छ। योभन्दा यिनका विषयमा कतै उल्लेख भएको पाइँदैन। पाणिनिले यिनको व्याकरण देखे वा गुरु परम्पराबाट सुनेका मात्र थिए, यस विषयमा केही भन्न सकिँदैन।

**काश्यपीय व्याकरण**

पाणिनिले अष्टाध्यायीमा-"तुषिमृषिकृशेः काश्यपस्य" लेखेबाट पाणिनिका समयमा काश्यपको कुनै न कुनै व्याकरण अवश्य थियो त्यसो नभए पाणिनिले काश्यपीय भनी उल्लेख गर्ने थिएनन्। अहिले यिनको कुनै ग्रन्थ उपलब्ध छैन। वाजसनेयी प्रातिशाख्यमा कात्यायनले काश्यपको मत उल्लेख गरेका छन्।

**स्फोटायन व्याकरण**

अष्टाध्यायीमा "अवङ स्फोटायनस्य" सूत्रित छ। यसका अतिरिक्त "तपरस्ततेलस्य" (१ः२ः७०) को भाष्य गर्दै पतञ्जलिले लेखेका छन्ः

ध्वनिः स्फोटश्न शब्दानां ध्यानस्तु खलु लक्ष्यते
अल्पो महाश्तकेषात्तिचदुभयं तत् स्वभावताः ॥

यसबाट स्फोटायनको व्याकरण थियो भन्ने प्रमाणित हुन्छ।

**आपिशाली व्याकरण**

अष्टाध्यायीमा "वा सुप्यापिशले" सूत्रित भएकाले आपिशाली एक प्रमाण पुरुष भएको प्रमाणित हुन्छ। आपिशलिप्रोक्त ग्रन्थको नाम आपिशलः पाणिनिये शास्त्र" भनिएको पाइन्छ।

**व्याडीय व्याकरण**

व्याडी नामका दुई जना थिए-एउटा सैनिक भार्गवका शिष्य र अर्को पाणिनिका समसामयिक तथा उनका मातुल-पुत्र। अष्टाध्यायीका कसैको पनि नाम आएको छैन। पाणिनिले "शौनकादिभ्यश्छन्दसि" सूत्रमा शौनकको नाम दिएका छन् तथा शौनकको "ऋक्प्रातिशाख्य" मा व्याडिको नाम आएको छ। ऋक्प्रातिशाख्या" मा व्याडिको नाम आएको छ। ऋक् प्रातिशाख्यका आधारमा व्याडिको कुनै न कुनै ग्रन्थ थियो भन्ने सूचना पाइन्छ।

**प्रतिशाख्य र पाणिनिको पौर्वापर्य**

प्रातिशाख्य पाणिनिको पूर्ववर्ती अथवा पश्चाद्वर्ती, यसमा विचार भेद छ। सत्यव्रत सामश्रमी प्रातिशाख्यलाई पाणिनिभन्दा अर्वाचीन मान्छन्। केही युरोपीय गवेषक र उनका अनुगामी भारतीय विद्वान् प्रातिशाख्यलाई पाणिनिभन्दा धेरै प्राचीन  मान्छन्। आश्चर्यको कुरा त प्रातिशाख्यमा पचासौँ पूर्वाचार्यहरूको नाम आएको छ। तर पाणिनिको नाम उपलब्ध छैन । यसका विपरीत पाणिनि स्मृत शाकल्य, शाकटायन, गार्ग्य, गालब, काश्यप आदिको नाम त्यहाँ उपलब्ध छ (द्विवेदी, १९९४ ः४००)। प्रातिशाख्यका पूर्ववर्तित्वका केही प्रमाण निम्नलिखित छन्।

क. षत्व र णत्वका विधानमा प्रतिपदको उच्चारण गरेर प्रतिशाख्यकारहरूले अनेक कष्ट उठाएका छन् तर पाणिनिले त्यसको अनुगमन गरेर त्यसो गरेका छैनन् । कात्यायनीक प्राणिनिले षत्वणत्वको प्रकरण छ त्यहाँ पनि त्यही स्थिति छ। परन्तु पाणिनिले षत्वणत्वको विधान समाप्त गरिदिएका छन् ।

ख. विसर्जनीयको कहाँ सकार, षकार कहाँ रेफ, कहाँ विसर्ग आदि हुन्छ त्यसको विवरण शैनकीय र कात्ययनीय दुवै प्रातिशाख्यहरूमा प्रतिपद पाठ चल्छ तर पाणिनिले कर्म सूत्रमा सबैलाई समाहित गरिदिएका छन् । यसबाट पाणिनिले नै अनुगमन गरेको प्रमाणित हुन्छ (पाण्डेय, १९९६ : ३१७) ।

ग. प्रतिशाख्यमा सूत्र-प्रक्रिया सुव्यवस्थितता आयो। कारिका रूपमा नै प्रायः सूत्र रहेका छन्। पाणिनि कालमा नै सूत्रमा सुव्यवस्थितता आयो। शौनकीय प्रातिशाख्यकारिका रूपमा उपलब्ध छ। अतः त्यसलाई पाणिनिको पूर्ववर्ती मान्नुपर्छ।

घ. सूत्र- निर्माणमा पनि शौनकीय प्रातिशाख्यलाई पूर्ववर्ती मान्न सकिन्छ। जस्तै पाणिनिले ''तस्मिन्नितिनिर्दिष्ट पूर्वस्य,'' तस्मादित्युत्तरस्य'' इत्यादि परिभाषा गरेर सप्तमी -पञ्चमी विभक्त आदिका लागि आफ्नो अभिमत प्रकट गरेका छन्। कात्यान्न आदि केही प्रातिशाख्यकारहरूले पाणिनिको अनुकरण गरेका छन्, तर शौनकीय प्रातिशाख्यमा यस्तो छैन। यहाँ शौनकीय प्रातिशाख्यका केही सूत्र देखाइन्छ (शर्मा, २००२ः १९६) ।

अ. अकः सवर्णे दीर्घऽसमानाक्षेर संस्थाले दिर्घमेकमुभे स्वरे ।

आ. आद्गुण ःऽआद्गुणः इकारोदयइकारमकारः स्वरोदय ।

इ. इको यणचिऽ सामानाक्षरमनत्रः सथां स्वामकव्यं स्वरोक्ष्यम् । शौनकले पाणिनि-प्रक्रिया देखेका भए त त्यस गौरवमय शैलीको अनुकरण अवश्य गर्ने थिए। अतःशौनकीय प्रातिशाख्य पाणिनि पूर्वको अवश्य हो ।

ङ. संज्ञा, परिभाषा आदि यस स्थानमा कम छन् । तिनमा पाणिनिको प्रभाव दृष्टिगत हुँदैन ।

**गालव व्याकरण**

पाणिनिको अष्टाध्यायीमा अनेक ठाउँमा गालवको नाम आएको छ।

प्रोक्तो प्रतिप्रगाथो द्वौ मन्यते शाकटायन ः ।

ऐन्द्रमेवायपूर्व तु गालव-प्रोक्तमुत्तरम् ॥

शाकटायनका साथ यिनको नाम आएको छ। यिनी शाकटायनका समसामायिक थिए। वैयाकरण गालवलाई गालवीय शिक्षाका प्रवक्ता मानिन्छ।

**भारद्वाजीय व्याकरण**

भारद्वाजको नाम अष्टाध्यायीमा आएको छ। अहिले भारद्वाजको व्याकरण लुप्त भएको छ। यसको अस्तित्वमा सन्देह गर्न सकिदैन। यिनको व्याकरण भनिएको होला। माथि जतिपनि वैयाकरणहरूको उल्लेख

गरियो। तिनमा काल निर्णय गर्न अत्यन्त कठिन छ-कारण एक त उनीहरूका ग्रन्थ आज उपलब्ध छैनन् अर्को अहिले तिनको परम्परा पनि लुप्त भइसकेको छ।

**त्रिमुनिकालः पाणिनि, कात्यायन र पतञ्जलि**

**पाणिनि र अष्टाध्यायी**

काल-कवलित भएर कति कृति लोप भए तर भारतीय महर्षि पाणिनिको अष्टाध्यायी अढाई पनि अस्तित्वमा रहेको छ र त्यसको अध्ययन अध्यापन भइरहेको छ। पाणिनिको जीवनवृत्त आजकाल अन्धकार वृत छ। यिनलाई "शालातुरीय" वैयाकरण भनेर स्मरण गरिन्छ। महाभाष्यमा यिनलाई "दाक्षीपुत्र" भनिएको छ। यिनलाई व्याडि, कात्यायन र इन्द्रका समकालीन मानिन्छ। पञ्चतन्त्रान यिनको मृत्यु बाघबाट भयो भनिएको छ। यसका अतिरिक्त यिनको जीवनवृत्तका विषयका केही भन्न सकिँदैन (पाण्डे-वर, (?) २१९)। पाणिनिको प्रसिद्ध ग्रन्थ अष्टाध्यायी हो। यो चार हजार सूत्र र आठ अध्यायमा विभक्त छ। पूरै पुस्तक १४ सूत्र (अइउण्, ऋलृक्, एओङ्, एऔँच, ह्यवरट्, लण, त्रमङणनम्, अमञ्, घढघष्, जबगडदश, खफटठगतटतव्, कपय्,शषसर् र हल्) मा आधारित छ, जसलाई माहेश्वर सूत्र पनि भनिन्छ। सङ्क्षेपमा भन्नका लागि प्रत्याहार, गुण आदिको सहारा लिएको देखिन्छ। यिनले अत्यन्त सरल र मनोरम शैलीमा सूत्रको रचना गरेका छन्। यिनी सबभन्दा पहिला वैज्ञानिक तवरले भाषाको विश्लेषण गर्ने हुन्। यिनको महान् उपलब्धि सूत्रको लघुकरण हो। यिनले शुद्ध र प्राज्जलसूत्रको उद्भावना गरेका छन्। हुन त लेखन सामग्रीको अभावमा सूत्रीकरण गरेको आपेक्ष पनि यिनलाई लगाइन्छ। पाणिनिले अनुवृत्तिको नियम बनाएका छन् साथै यिनका अष्टाध्यायीमा आवृत्ति पनि पाइन्छ। पाणिनिले अष्टाध्यायीलाई उपयोगी बनाउन धातुपाठ, गणपाठ, उणादि सूत्रको रचना गरेका छन्। उणादि सूत्रमा पाणिनिले केही चिह्न प्रकट गरेका छन्। उनले संज्ञाको प्रयोग ह्रस्व, दीर्घ, प्लुत, उदा, उपधा, लोप, सम्प्रसारण र अभ्यास रूपमा गरेका छन्। अध्यायको अध्ययनबाट भारतीय समाज, सभ्यता, संस्कृति आदिको स्पष्ट ज्ञान पाइन्छ (तिवारी, १९९२, पृ. ३४०)।

**पाणिनिका विशेषता**

१. कुनै भाषाको परिनिष्ठता रूप पूरै भौगोलिक र सामाजिक विस्तारलाई एउटै व्याकरणमा समेटिएको यो पहिलो व्याकरण हो। यसलाई अहिलेसम्मको अन्तिम मानिन्छ।

२. भाषाको पूरै संरचना लिइएको छ-ध्वनि-प्रक्रिया (सन्धि आदि), रूप-रचना, वाक्य-रचना तथा व्याकरणका स्तरमा विवेच्य अर्थ-पक्ष यसको उपलब्धि मानिन्छ।

३. अभूतपूर्व सङ्क्षेप छ। १४ सूत्रमा लगभग चार हजार सूत्रलाई भाषाको सबै स्तरमा व्यवस्थाको विश्लेषण गरिएको छ। सङ्क्षेपका साथसाथै यथातथ्यता र स्पष्टताको पूरा निर्वाह गरिएको छ।

४. सबै दृष्टिले व्याकरण यति पूर्ण, व्यवस्थित र उपयोगी छ, यसका पछि कति संस्कृत व्याकरण लेखिए कसैले पनि यो भन्दा अगाडि जान सकेनन् ।

५. पूरै भाषाको सबै शब्दलाई केही धातुमा आधारित मानेका छन् । यी धातु कुनै क्रियाको भाग प्रकट गर्दछन् । यिनैबाट उपसर्ग तथा प्रत्यय आदिको सहायताबाट शब्द र रूप दिइएको छ ।

६. भाषाको आरम्भ वाक्यबाट भएको छ, यसको पनि प्रथम उल्लेख यहीँ छ । यिनका अनुसार वाक्य नै प्रधान मानिएको छ ।

७. यास्कका नाम, आख्यात आदि चार भेदलाई अस्वीकार गरी यिनले शब्दलाई सुबन्त (अव्यय नै सुबन्त हो- अष्टाध्यायी २-४-८२) र तिङन्त यी दुई श्रेणीमा विभक्त गराए र यो आजसम्म वैज्ञानिक मानिन्छ ।

८. लौकिक र वैदिक संस्कृतको तुलनात्मक अध्ययन पनि यिनको तत्त्वको विशेषता हो । त्यसैले ब्लुमफिल्डले ''न भूतो न भविष्यति'' भनेका छन् ।

९. यिनका धातुपाठ, गणपाठ र उणादिसूत्र पनि उल्लेख्य मानिन्छन् ।

**कात्यायन र उनको वार्तिक**

व्याकरण शास्त्रमा त्रिमुनिका कालक्रममा कात्यायनको नाम पाणिनिका पछि आउँछ । यिनले मौलिक रचना गरे पनि यिनको तत्त्व वार्तिकमा अवलम्बित छ । पाणिनिको अष्टाध्यायीमा यिनले समालोचना गरेका छन् । पाणिनिको आलोचनामा कात्यायनले अपूर्व दक्षता र विज्ञता प्रदर्शन गरेका छन् । पाणिनिकै समान कात्यायनको जीवन वृत्त १ पनि प्रगाढ अन्धकारमा विलिन छ । कात्यायन पाणिनिमा महा्न प्रतिद्वन्द्वी भएकाले अनेक स्थानमा दोष प्रदर्शनार्थ वर्तिक लेखेको पाइन्छ । वस्तुतः कात्यायनका समान विद्वेष वृद्धिले कसैले पनि पाणिनिको आलोचना गरेका छैनन् । कात्यायनले पाणिनीय व्याकरणका अतिरिक्त शुक्लयजुर्वेद संहिताको माधन्दित प्रतिशाख्य, सर्वानुक्रमणी र वैदिक कल्पसूत्रको रचना गरेका थिए ।

**पतञ्जलि र उनको महाभाष्य**

व्याकरण शास्त्रमा पाणिनि, कात्यायन र पतञ्जलिलाई समानदार गरिन्छ । पतञ्जलिले महाभाष्यमा असाधारण विचार-नैपुण्यको परिचय दिएका छन् । कात्यायनकृत पाणिनिको समालोचनाको वैधता निरूपणार्थ नै महाभाष्यमा असाधारण विचार-नैपुण्यको परिचय दिएका छन् । कात्यायनकृत पाणिनिको समालोचनाको वैधता निरूपणार्थ नै महाभाष्यको रचना भएको थियो । पाणिनिको अष्टाध्यायी र कात्यायनको वार्तिक भएपनि जुन अङ्गहीनता थियो, त्यसमा पतञ्जलिले आफ्नो महाभाष्यद्वारा पूरा गरेका छन् । वस्तुत:पातञ्जल महाकाव्यसम्म पुगेर नै संस्कृत व्याकरण आफ्नो चरम सीमामा पुगेको छ ।

कैयटले महाभाष्यको टीका लेखे, यसलाई भाष्यप्रदीप भनिन्छ । नागोजी भट्टले भाष्यप्रदीपका टीका लेखे यसलाई प्रदिपोद्योता भनिन्छ । भर्तृहरिकृत वाक्यपदीय पनि भाष्यमा लेखिएको अर्को टीका हो ।

**पाणिनिको उत्तरवर्ती व्याकरण सम्प्रदाय**

पाणिनिका पश्चवर्ती वैयाकरणको लामो सूची बनाउन सकिन्छ। पाणिनिपश्चात् देखापरेको वैयाकरणिक सम्प्रदायलाई सङ्क्षिप्त रूपमा तल उल्लेख गरिन्छ।

**चान्द्र सम्प्रदायको**

चान्द्र सम्प्रदायको  व्याकरणको परिसीमा भर्तृहरिको वाक्यपदी मानिन्छ। पाणिनिका अनुसार विश्राम ठिक हुन्छ भने चान्द्र सम्प्रदायअनुसार विश्राम ठिक हुन्छ। चान्द्र -व्याकरणको उल्लेख काशिकामा पाइन्छ। चन्द्रगोमीको व्याकरण त्रिमुनि व्याकरणमा नै आधारित देखिन्छ। यो कसैको विकासात्मक प्रक्रिया हो तर अधिक सरल बनाउने विचारले वैदिक स्वर प्रक्रियाका केही नियम छाडिएको छ। यो पछि लोप भयो।

**जैनेन्द्र–सम्प्रदायको**

जैनेन्द्र सम्प्रदायको व्याकरणलाई जैनेन्द्र सम्प्रदाय भनिन्छ। यस सम्प्रदायका दुई संस्करण उपलब्ध छन्। यसमा मौलिकताको अभाव छ। यसमा पाणिनिका सूत्रलाई आफ्नो सम्प्रदाय अनुकूल बनाएर ग्रहण गरिएको छ। यसमा पाणिनीय प्रत्याहार त राखिएको छ परन्तु १४ शिवसूत्र, वैदिक व्याकारण आदिलाई स्थान दिइएको छैन।

**शाकटायन–सम्प्रदाय**

जैनेन्द्र-सम्प्रदायसँग मिल्दोजुल्दो रूपमा शाकटायन व्याकरण आएको छ। यसको मूल उद्देश्य पनि जैनेन्द्र-व्याकरणको जस्तै थियो। शाकटायन शब्दानुशासनको उल्लेख ‘‘गणरत्नमहोदधि’’ माधवीय धातुवृत्तिमा आउँछ। शाकटायले आफ्नो शब्दानुशासनमा पाणिनी, कायायन, पतञ्जलि, चन्द्रगोमी आदिबाट सामग्री लिएका छन् र स्वतन्त्रतापूर्वक त्यसको उपयोग गरेका छन्। शाकटायनको शब्दानुशासनमा चार अध्याय र प्रत्येक चार पद छन्। सूत्रको सङ्ख्या ३२०० छ। यसका सूत्र पाणिनिसँग मिल्दाजुल्दा छन्। शाकटायनले आफ्नो शब्दानुशासन र अमोघवृत्तिका अतिरिक्त धातुपाठ, गणपाठ, उणदि, लिङ्गनुशासन, परिभाषा सूत्र आदि पनि लेखेका छन्।

**हैम–सम्प्रदाय**

हैम-सम्प्रदाय पूर्ण ख्यातिप्राप्त व्याकरण सम्प्रदाय हो। यसका प्रवर्तक हेमचन्द्र (१०८८/८९ इ) थिए। यिनी जातिका बनिया थिए। अष्टाध्यायीकै जस्तै यो पनि आठ अध्याय, प्रत्येकमा चार पाउ र ४५०० सूत्र छन्। यसका अन्तमा प्राकृत भाषाको व्याकरण लेखिएको छ।

**कातन्त्र– सम्प्रदाय**

कातन्त्र व्याकरणलाई कौमार व्याकरण र कला पव्याकरण भनिन्छ। यस व्याकरणमा सन्धि प्रकरण, नाम-प्रकरण ख्यातिप्रकरण र कृत्प्रकरण छन् । यसलाई राजाश्रय प्राप्त भयो र ज्यादै प्रचार भयो ।

तिङन्त पद्यले गम्यते पद्म। पद-ज्ञान नितान्त आवश्यक छ। धातु र शब्द जब विभक्तियुक्त हुन्छ तब त्यसलाई पद भनिन्छ।

२. आगमः प्रकृति र प्रत्ययका आदि, मध्य या अन्तमा जुन आगमन हुन्छ त्यही आगम हो। भनाइ पनि छ-वर्णोस्थितिरागमः ।
३. आदेशः प्रकृतिएवम् प्रत्ययको जो रूपान्तरण प्राप्त हुन्छ त्यसले आदेश भनिन्छ।
४. प्रकृतिः प्रकृति दुई प्रकारको हुन्छ -नाम र धातु। अतःप्रातिपदिक नाम हो। "सत् वप्रधानानिनामानि"
५. धातुः क्रियावाचक गणपठित शब्द नै धातु हो। धातुको पछाडि विभक्तिलाई परम्मैपद र आत्मनेपद गरी दुई भागमा बाडिन्छ।
६. प्रत्ययः जसका योगबाट प्रकृति अर्थ प्रकाशित हुन्छ, त्यही प्रत्यय हो।
७. नामधातुः शब्दका पछाडि काम्यादिप्रत्यय जोडेर जो शब्द धातुको आकार ग्रहण गर्दछ त्यसलाई नामधातु भनिन्छ।

**निष्कर्ष**

संस्कृत व्याकरणको लामो परम्परा छ। यसलाई देव वाणी भनी महेश्वरीय सूत्रलाई आधार मानी प्राच्य व्याकरण पाणिनिले व्याकरणलाई सूत्रबद्ध गरेको मानिन्छ। संस्कृत परम्परामा विकसित व्याकरणलाई अध्ययन गरी कालविभाजन गर्न सकिन्छ। पाणिनिलाई मानिएको छ। पाणिनि पूर्वकाल, त्रिमुनिकाल र उत्तरवर्ती काल गरी त्यस परम्परामा विकसित गरी त्यसको निर्क्यौलमा पुग्ने काम यस लेखमा गरिएको छ।

**सन्दर्भ सामग्री**

तिवारी, भोलानाथ (१९९२) *भाषाविज्ञान,* इलाहावादः किताबमहल ।
द्विवेदी, कपिलदेव, (१९९४) *भाषाविज्ञान एवम् भाषाशास्त्र* वाराणसीः विश्वविद्यालय प्रकाशन )
पाठक, दानबहादुर "वर" भार्गव, मनहर गोपाल, (२००४ ) भाषाविज्ञान, लखनऊः प्रकाशन केन्द्र ।
पौड्याल, कृष्णविलास (२०७६) *सैद्धान्तिक भाषाविज्ञान* ट्रिनिटी पब्लिकेशन प्रा.लि. ।
पाण्डेय , कैलाशनाथ, (१९९६) *भाषाविज्ञान अनुशीलन,* वाराणसीः वाराणसी प्रकाशन मन्दिर ।
मिश्र, श्री रमाकान्त, (२००५) *व्याकरणशास्त्रका सङ्क्षिप्त इतिहास* ,वाराणसीः चौखम्बा विद्याभवन ।
शर्मा, देवेन्द्रनाथ र शर्मा, दीप्ति, (२००२) *भाषाविज्ञान की भूमिका* दिल्लीः राधाकृष्ण प्रकाशन प्रा. लि. ।